## घोराही उपमहानगरपालिकाको नगरसभाको १३औं अधिवेशनको पहिलो बैठकको निर्णयहरु

**मिति २०८०।०३।०६ गते**

**प्रस्तावहरुः**

१. घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को नीति तथा कार्यक्रम प्रस्तुत सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८०/८१को वार्षिक नीति तथा कार्यक्रम नगर प्रमुख तथा नगर सभाका अध्यक्ष श्री नरुलाल चौधरीज्यूबाट नगरसभा समक्ष प्रस्तुत गरियो ।

## घोराही उपमहानगरपालिकाको नगरसभाको १३औं अधिवेशनको दोस्रो बैठकको निर्णयहरु

**मिति २०८०।०३।०७ गते**

**प्रस्तावहरुः**

१. आगामी आ.व. २०८०/८१को नीति तथा कार्यक्रम पारित सम्बन्धमा।

२. न्यायीक समितिकोको प्रतिवेदन प्रस्तुत।

३. वडा कार्यालयको केन्द्र परिवर्तन सम्बन्धमा।

४. घोराही उपमहानगरपालिकाको २० वर्षे स्थानीय आर्थिक विकास रणनीति २०७९-२०९९ पारित सम्बन्धमा।

घोराही उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

नगरसभा को १३औं अधिवेशन, दोस्रो बैठक

मिति २०८०।०३।०७

मिति २०८०।०३।०६ गते प्रस्तुत घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८०/८१को नीति तथा कार्यक्रम प्रस्ताव माथि सुझाव तथा टिप्पणी प्रस्तुत गर्ने नगर सभा सदस्यज्यूहरुको नामावली

| क्र.सं. | नाम | वडा | सुझाव तथा टिप्पणी प्रस्तुत गर्ने प्रस्ताव | समय मिनेट |
|---|---|---|---|---|
| १ | दुर्गा नेपाली | १५ | | २ मिनेट |
| २ | मधुसुदन शर्मा | ४ | | २ मिनेट |
| ३ | शरद डि.सी. | २ | | २ मिनेट |
| ४ | टोप बहादुर डाँगी | २ | | २ मिनेट |

**निर्णय नं. १**

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८०/८१को नीति तथा कार्यक्रम प्रस्ताव लुम्बिनी प्रदेश गाउँसभा/नगरसभा कार्य सञ्चालन कार्यविधि ऐन., २०७६को दफा २६ को उपदफा (१) बमोजिम पेश भई नगरसभा सदस्यज्यूहरुबाट प्राप्त सुझाव समेत समावेश गरी नगरसभाबाट सर्वसम्मत पारित(स्वीकृत) गरियो।

**निर्णय नं. २**

चालु आ.व ०७९/०८०मा न्यायिक समितिबाट सम्पादन भएका कार्यहरुको वार्षिक प्रगति विवरण घोराही उपमहानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक श्री हुमा कुमारी डि.सीज्यूबाट प्रस्तुत गरियो ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको वडा नं. ११को हाल खैरामा रहेको वडा कार्यालयको केन्द्र परिवर्तन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६ को उपदफा (७) बमोजिम वडाको केन्द्र हेरफेर गर्न सक्ने व्यवस्था अनुसार मिति २०७८।०४।२९ गते बसेको वडा समितिको बैठकको निर्णय समेतको आधारमा वडा नं. ११को पूर्वमा ओइनरिया खोला, पश्चिममा मज्गैदेखि गणेशपुर खुमकोट सडक, उत्तरमा निम बहादुर घर्तिको जग्गा, दक्षिणमा मा.वि. तेघराको जग्गा चार किल्ला भित्र पर्ने पलासीपुरलाई वडाको केन्द्र तोक्ने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको मिति २०८०।०२।१० गते बसेको १३८औं नगरकार्यपालिका बैठकबाट स्वीकृत स्थानीय तथा प्रादेशिक आर्थिक विकास परियोजना (LPED GIZ)को प्राविधिक सहयोग एवं सहजीकरणमा तयार गरिएको घोराही उपमहानगरपालिकाको २० वर्षे स्थानीय आर्थिक विकास रणनीति २०७९-२०९९ नगरसभाबाट सर्वसम्मत पारित गरियो।

**घोराही उपमहानगरपालिकाको नगरसभाको १३औं अधिवेशनको तेस्रो बैठकको निर्णयहरुः**

**मितिः२०८०।०३।१०गते**

**प्रस्तावहरुः**

१. घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को बजेट तथा कार्यक्रम प्रस्तुत।
२. घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को विनियोजन विधेयक सभा समक्ष टेबुल गर्ने सम्बन्धमा।
३. घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को आर्थिक विधेयक २०८० टेबुल गर्ने सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८०/८१को वार्षिक बजेट तथा कार्यक्रम नगर उपप्रमुख तथा सभाका उपाध्यक्ष श्री हुमा कुमारी डि.सीज्यूबाट नगरसभा समक्ष प्रस्तुत गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको आ.व.२०८०/८१को विनियोजन विधेयक, २०८० नगरसभा समक्ष नगर उपप्रमुख तथा नगरसभाका उपाध्यक्ष श्री हुमा कुमारी डि.सी.ज्यूबाट टेबुल गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको आ.व.२०८०/८१को आर्थिक विधेयक, २०८० नगरसभा समक्ष नगर उपप्रमुख तथा नगरसभाका उपाध्यक्ष श्री हुमा कुमारी डि.सी.ज्यूबाट टेबुल गरियो।

घोराही उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

नगरसभाको १३औं अधिवेशन

चौथो बैठक

मिति २०८०।०३।१२

मिति २०८०।०३।१० गते प्रस्तुत घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८०/८१को बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक प्रस्ताव माथि सुझाव तथा टिप्पणी प्रस्तुत गर्ने नगर सभा सदस्यज्यूहरुको नामावली

| क्र.सं. | नाम | नगरसभा सदस्य | सुझाव तथा टिप्पणी प्रस्तुत गर्ने प्रस्ताव | समय मिनेट |
|---|---|---|---|---|
| १ | जितेन्द्र शाह | ८ नं. वडा अध्यक्ष | | २ मिनेट |
| २ | दिपक पाण्डेय | १० नं. वडा अध्यक्ष | | २ मिनेट |
| ३ | डुल्लुराम पोखेल | १३ नं. वडा अध्यक्ष | | २ मिनेट |
| ४ | ज्ञान बहादुर रायमाझी | १९ नं. वडा अध्यक्ष | | २ मिनेट |
| ५ | रमेश कुमार पाण्डेय | १५ नं. वडा अध्यक्ष | | २ मिनेट |
| ६ | तारा बहादुर डि.सी. | १६ नं. वडा अध्यक्ष | | २ मिनेट |
| ७ | किरण पोखेल | १८ नं. वडा अध्यक्ष | | २ मिनेट |
| ८ | टिकाराम थापा | १८ नं. वडा सदस्य | | २ मिनेट |
| ९ | लेखनाथ बुढाथोकी | १५ नं. वडा सदस्य | | २ मिनेट |
| १० | सरस्वतादेवी गौतम | ११ नं. वडा सदस्य | | २ मिनेट |

# घोराही उपमहानगरपालिकाको नगरसभाको १३औं अधिवेशनको चौथो बैठकका निर्णयहरु

**२०८०।०३।१२ गते**

**प्रस्तावहरुः**

१. आगामी आ.व. २०८०/८१को बजेट तथा कार्यक्रम पारित सम्बन्धमा।
२. घोराही उपमहानगरपालिकाको विनियोजन विधेयक २०८० पारित सम्बन्धमा।
३. घोराही उपमहानगरपालिकाको आर्थिक विधेयक २०८० पारित सम्बन्धमा।
४. करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धमा।
५. संशोधन तथा रकमान्तर सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को बजेट तथा कार्यक्रममाथि छलफल गरी नगरसभा सदस्यज्यूहरुबाट प्राप्त सुझाव तथा अन्य अत्यावश्यक विषय समावेश सहित लुम्बिनी प्रदेश सरकारको गाउँसभा/नगरसभा कार्य सञ्चालन ऐन २०७६ को दफा २६ उपदफा (१) बमोजिम नगरसभा समक्ष निर्णयार्थ पेश गरिएको घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को बजेट तथा कार्यक्रम बहुमतबाट(उपस्थित ८९ मध्ये हुन्छ भन्ने पक्षमा ६२ जना हुनुभएको) पारित(स्वीकृत) गरियो ।

निर्णय नं. २

घोराही उपमहानगरपालिकाको विनियोजन विधेयक, २०८० प्रस्ताव लुम्बिनी प्रदेश गाउँसभा/नगरसभा कार्य सञ्चालन कार्यविधि ऐन., २०७६को दफा २६ को उपदफा (१) बमोजिम नगरसभा समक्ष निर्णयार्थ पेश भई संशोधन सहित बहुमतबाट पारित(स्वीकृत) गरियो ।

निर्णय नं. ३

घोराही उपमहानगरपालिकाको आर्थिक विधेयक, २०८० प्रस्ताव लुम्बिनी प्रदेश गाउँसभा/नगरसभा कार्य सञ्चालन कार्यविधि ऐन., २०७६को दफा २६ को उपदफा (१) बमोजिम नगससभा समक्ष निर्णयार्थ पेश भई बहुमतबाट पारित(स्वीकृत) गरियो ।

**निर्णय नं. ४**

साविक घोराही नगरपालिका, त्रिपुर नगरपालिका, स्वास्थ्य संस्था, उपमहानगरपालिकामा समावेश भएका साविक गाउँ विकास समिति तथा साविक जिल्ला विकास समितिमा सेवा करार वा दैनिक ज्यालादारीमा नियुक्ती भई घोराही उपमहानगरपालिका अन्तर्गत निरन्तर रुपमा सेवारत रहनु भएका जुनसुकै श्रेणी तथा तहका कर्मचारीहरु उपमहानगरपालिकाको निर्णयानुसार (यस अघिको घोराही उपमहानगरपालिकाको निर्णय अनुसार सेवाबाट अलग भएका समेत)उमेर हद तथा अन्य जुनसुकै कारण सेवाबाट अलग हुनुपरेमा उहाँहरुले घोराही उपमहानगरपालिकाको सेवामा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै घोराही उपमहानगरपालिकाको कर्मचारी कल्याण कोष अन्तर्गत विनियोजित बजेटबाट भुक्तानी हुने गरी देहाय बमोजिमको रकम उपलब्ध गराउने।

**देहायः**

१. ५ वर्षदेखि ९ वर्षसम्म निरन्तर सेवामा रहेको -२ लाख
२. १० वर्षदेखि १४ वर्षसम्म निरन्तर सेवामा रहेको -३ लाख
३. १५ वर्षदेखि १९ वर्षसम्म निरन्तर सेवामा रहेको -४ लाख
४. २० वर्ष भन्दा बढी निरन्तर सेवामा रहेको -५ लाख

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको चालु आ.व.२०७९/८०मा संचालनका लागि नगरसभाको११औं अधिवेशनबाट स्वीकृत केही शीर्षकहरुमा बजेट खर्च नहुने तथा अन्य केही अत्यावश्यक शीर्षकहरुमा रकम अभावको कारण समस्या देखिएकोले त्यस्ता केही अत्यावश्यक शीर्षकहरुमा रकमान्तर गर्ने घोराही उपमहानगरपालिकाको मिति २०८०।०३।१० गते बसेको नगरकार्यपालिका बैठकको निर्णय अनुमोदन गर्ने।